# बैठक नं. - सत्रौं
# मितिः २०७४।१२।२७ गते मंगलबार

निर्णयहरु : उपर्युक्त प्रस्तावहरु उपर व्यापक रुपमा छलफल गरि निम्न निर्णयहरु सर्बसम्मत रुपले पारित गरियो ।

**निर्णय नं. १,**

क) मिति २०७४ फाल्गुण महिनामा बिशेष कारणले स्थगित भएको दोस्रो नगर सभा यहि मिति २०७४ चैत्र ३० गते गर्ने ।

ख) यस नगर सभाका लागि बिभिन्न बिषयगत समितिमा छलफल भई बिद्येयक समिति मार्फत प्राप्त हुन आएका निम्न ऐन, नियम, कार्यबिधि, निर्देशिका आदिलाई वडास्तर सम्म छलफलका लागि पठाउने र उक्त कानुनहरु वडाहरु छलफल गरि नगर कार्यपालिकाको आगामी बस्ने कार्यपालिकाको बैठकमा पेश गर्ने ।

तपशिलः

| क्र.स. | नाम |
|---|---|
| १. | स्थानी तहको उपभोक्ता समिति गठन, परिचय |
| २. | मुसिकोट नगरपालिका “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि |
| ३. | न्यायिक समिति कार्यविधि २०७४ |
| ४. | मुसिकोट नगरपालिकाको एफ.एम रेडियो व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७४ |
| ५. | मुसिकोट नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा ब्यबस्थित गर्न बनेको एन २०७४ |
| ६. | मुसिकोट नगरपालिकाको बजार आनुगमन एन २०७४ |
| ७. | मुसिकोट नगरपालिकाको स्थानीय कृषि ब्यबसाय प्रबर्द्धन एन २०७४ |
| ८. | स्थानीय तहको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन |
| ९. | स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी नमूना कार्यविधि, २०७४ (१२.९) |
| १०. | स्थानीय राजपत्रको नमूना– २०७४ |
| ११. | मुसिकोट नगरपालिकाको शिक्षा ऐन २०७४ |
| १२. | शिक्षा नियामावली २०७४ |
| १३. | मुसिकोट नगरपालिकाको सहकारी ऐन, २०७४ |
| १४. | मुसिकोट नगरपालिकाको एफ.एम रेडियो व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७४ |
| १५. | मुसिकोट नगरपालिकाको एकिकृत सम्पति कर व्यवस्थापन कार्यविधि, २०७४ |

**निर्णय नं. २,**

क) यस नगरपालिकाको चालु आर्थिक बर्ष २०७४।०७५ का भौतिक पूर्बाधार निर्माण तर्फका  यो जनाहरुको कार्य प्रगतिको समिक्षा गर्दा कार्य प्रगति सन्तोषजनक रहेको

पाइयो । कार्यान्वयन हुन बाँकी रहेका योजनाहरुलाई उच्च प्राथमिकता दिइ मिति २०७४ चैत्र मसान्तभित्र सम्झौता गरी यथाशीघ्र कार्य सम्पन्न गर्न निर्देशन दिने ।

ख) प्रथम नगरसभा तथा नगर कार्यपालिकाको बैठकबाट सम्बन्धीत वडाहरुका लागि योजना छनौट भइ बिनियोजित बजेटको सिमा भित्र रहि सम्बन्धीत वडाबाट शंसोधन समेत भइ कार्यान्वयन भएका तपशिल बमोजिमका योजनाहरुलाई यस पटकका लागि अनुमोदन गर्ने ।

**तपशिल**

....................................

**निर्णय नं. ३,**

यस नगरपालिकाको प्रथम नगर सभा तथा बिगतका नगर कार्यपालिकाको निर्णयमा नपरेका अत्यावश्यक समसामायिक तपशिल बमोजिमका शिर्षकहरुका लागि आवश्यक बजेटको ब्यबस्था मिलाउन गृहकार्य गरि पेश गर्न आर्थिक, प्रशासन शाखा तथा योजना शाखालाई जिम्मेवारी दिने ।

तपशिल

क) स्यार्पु हाइड्रोपावर कम्पनीमा शेयर लगानी ।
ख) बिपद् ब्यबस्थापनमा राहात रकम ।
ग) शिक्षा क्षेत्रमा भएको खर्च रकम ।
घ) स्वास्थ्य परिक्षण प्रयोगशाला निर्माण ।
ङ) खेलकुद विकास/क्रिकेट खेलाडीलाई सहयोग ।
च) न्याय सम्पादन सम्बन्धी (पारिश्रमिक, अनुशिक्षण, कार्यालय ब्यबस्थापन)
छ) नगरपालिकाको गुरु योजना निर्माण

**निर्णय नं. ४,**

यस नगरपालिकाको बिगतदेखि बैकिङ प्रणालीबाट सामाजिक सुरक्षा भत्ता बितरण भइ आएकोमा यस आर्थिक बर्षको प्रथम चौमासिकमा बिशेष कारणले बैकिङ प्रणालीबाट वितरण हुन नसकेकोमा दोस्रो चौमासिकमा साबिकका बैंकमा खाता खोलेका लाभग्राहीलाई बैकिङ प्रणालीबाटै भुक्तानी गर्ने र तेस्रो चौमासिक देखि नगरबासी सबै लाभग्राहीलाई बैकिङ प्रणाली मार्फत उक्त भत्ता उपलब्ध गराउने ब्यबस्था मिलाउने ।

**निर्णय नं. ५,**

यस नगरपालिकाको सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन हाँजिरी ब्यबस्थापन लगायतका बिभिन्न बिषयमा १५ दिन भित्र सुझाव दिन सार्बजनिक सेवा तथा क्षमता विकास समितिलाई जिम्मेवारी दिने ।

**निर्णय नं. ६,**

बिबिध बिषयमा छलफल गर्दा यस नगर कार्यपालिकाको निणृय बमोजिम वडा अध्यक्षले बिनियोजन गर्ने रु. ५ लाख बजेटबाट वडा नम्बर ५ मा रहेको साबिकको बिनियोजित योजना बरपिपल जोगीढुङ्गा डिग्रे मन्दिर सडक निर्माणमा थप रु ३ लाख र नयाँ योजना सिलिङ्गे पँधेरा लाटाखोला मुहान संरक्षणका लागि रु. २ लाख बिनियोजन गर्ने ।

अन्त्यमा नगर प्रमुखबाट आजको बैठक समापन भएको घोषणा गरियो ।